म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- २२३ २०८१ असार २१ गते शुक्रबार 5 July 2024, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**तातो हावा ‘लु’ बाट जोगिने उपाय**

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा प्रादेशिक सडक गुरुयोजना कार्यान्वयन, कुन कुन सडक समेटिए ?




**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि प्रादेशिक सडक यातायात गुरुयोजना कार्यान्वयनमा ल्याउने भएको छ । प्रदेश सरकारले निर्धारण गरेको मापदण्डअनुसार सडक छनोट गरी आगामी आर्थिक वर्ष २०८१/०८२ देखि कार्यान्वयनमा अघि बढेको हो ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश सार्वजनिक सडक ऐन, २०७८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेशका सार्वजनिक सडकहरुलाई प्रदेश लोकमार्ग तथा प्रदेश मार्गको पहिचान तथा वर्गीकरण गरी गुरुयोजना तयार गरेर कार्यान्वयनमा अघि बढेको हो। मन्त्रालयले मापदण्डअनुसार २० वटा प्रदेश लोकमार्ग र २३० वटा प्रदेश मार्गहरु पहिचान गरी निर्धारण गरेको छ ।

मन्त्रालयले सो सडक आयोजनामा लगानी गर्नेगरी गुरुयोजना कार्यान्वयनमा अघि बढेको मन्त्रालयमा सचिव अमृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार गत असार १० गते प्रदेश लोकमार्ग र मार्गहरु निर्धारण गरी राजपत्रमा समेत प्रकाशन गरिएको छ ।

कुल १ हजार ११ किलोमिटर लम्बाईका ती सडक आयोजनालाई प्राथमिकताका साथ बजेट विनियोजन गरी स्तरोन्नति र विकास गर्ने मन्त्रालयको योजना रहेको छ। सोबाहेका अन्य सडक आयोजनाहरुमा बजेट विनियोजन गर्दा स्थानीय तहसँगको समन्वयमा काम गर्ने मन्त्रालयको तयारी रहेको छ ।

भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालका अनुसार सडक पूर्वाधार विकासलाई व्यवस्थित गर्न गुरुयोजना निर्माण गरेर कार्यान्वयनमा अघि बढेको हो। प्रदेश सरकारले बजेट विनियोजनलाई व्यवस्थित गर्दै लगानी आकर्षित गर्ने उद्देश्यअनुसार गुरुयोजना कार्यान्वयन गरिएको उहाँले बताउनुभयो । प्राविधिक अध्ययनबिना जथाभावी सडक खन्ने परम्परालाई क्रमभंग गरी वातावरणीय विनाश तथा विपद् जोखिम नियन्त्रणमा महत्वपूर्ण हुने उहाँको भनाइ छ । सुरुवातदेखि नै सडक पूर्वाधार विकासमा जोड दिँदै आएको बागमती प्रदेश सरकारको गत जेठ २२ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश सडक गुरुयोजना स्वीकृत गरेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा सो गुरुयोजनाअन्तर्गतका सडक पूर्वाधार निर्माणका लागि ७ अर्ब ७८ करोड ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

## मन्त्रालयद्वारा निर्धारित प्रदेश लोकमार्गहरू

मन्त्रालयले ललितपुर र मकवानपुरलाई जोड्ने गरी प्रदेश लोकमार्ग निर्धारण गरेको छ । मन्त्रालयले ललितपुरको बागमती गाउँपालिका र मकवानपुरको बकैया गाउँपालिका जोड्ने गरी प्रदेश लोकमार्ग निर्धारण गरेको हो ।

मन्त्रालयको मापदण्डअनुसार ललितपुरको बगुवा-प्युटार-आश्राङ-गिम्दी खुर्मी-मन्थली-शिखरपुर-हात्तीसुँडे सडकलाई प्रदेश लोकमार्गका रुपमा विकास गर्ने भएको छ । ४७ किलोमिटर लम्बाईको उक्त सडकलाई स्तरीकरण गरी लोकमार्गको रुपमा विकास गर्ने मन्त्रालयको तयारी रहेको छ ।

यस्तै, चितवनबाट धादिङको सीमासम्म जोड्न प्रदेश लोकमार्गका रुपमा सडक आयोजना पहिचान गरेको छ । मन्त्रालयले चितवनको रत्ननगर नगर पालिका हुँदै कालिका नगरपालिका, इच्छाकामना गाउँपालिकाबाट धादिङको गजुरी गाउँपालिकाको सीमा जोड्ने सडकलाई प्रदेश लोकमार्गका रुपमा विकास गर्ने भएको हो । मन्त्रालयले ६० किलोमिटर लम्बाईको बकुलर (रत्ननगर)-जुटपानी-शक्तिखोर-उपरदाङगढी-तेर्से-मायाटार-बशपुर-फिस्लिङ सडकलाई लोकमार्गको रुपमा विकास गर्ने तयारी गरेको हो। मुग्लिङ-नारायणगढ सडकखण्डको वैकल्पिक मार्गका रुपमा प्रयोग गर्न सकिने भएकाले सो सडकलाई प्रदेश सरकारले प्राथमिकताका साथ लोकमार्गका रुपमा विकास गर्ने तयारी गरेको हो ।

प्रदेश लोकमार्गका रुपमा सरकारले बालाजु- नेपालटार- साङ्गला सडकलाई विकास गर्ने भएको छ । काठमाडौंको बालाजुबाट नेपालटर हुँदै साङ्गलासम्मको ९ किलोमिटर सडकलाई बालाजु बाइपास सडकको रुपमा प्रयोग गर्न सकिन्छ ।

प्रदेश सरकारले मकवापनुरको भैंसे-कुलेखानी-छैमले-बल्खु सडकलाई प्रदेश लोकमार्गको रुपमा विकास गर्ने भएको छ। गुरुयोजनामा समावेश गरी सरकारले राजधानी मार्ग नामाकरण गर्द बल्खु-छैमले-कुलेखानी-भैंसे सडक विकासको तयारी गरेको हो। काडमाडौं-हेटौंडा जोड्ने ६७ किलोमिटर लम्बाईको उक्त सडक स्तरोन्नतिसहित विकास गर्ने सरकारको तयारी रहेको छ ।

मन्त्रालयले चितवनको चौबीस कोठीदेखि मेघौलीसम्मको सडकलाई प्रदेश लोकमार्गको रुपमा विकास गर्ने तयारी गरेको छ । मन्त्रालयले २८ किलोमिटर लम्बाईको चौबीसकोठी (भरतपुर)-मंगलपुर-शारदानगर-गुन्जनगर-दिव्यनगर-मेघौली-जीतपुर-गोलाघाट सडकलाई लेकमार्ग कायम गर्नेगरी अघि बढाएको छ ।

काभ्रेको जिरो किलोबाट सिन्धुपाल्चोकको मेलम्ची हुँदै हेलम्बु जोड्ने सडकलाई लोकमार्ग कायम गरिएको छ। काभ्रेको जिरोकिलो-मेलम्ची-हेलम्बु- तिम्बु-मेलम्ची घ्याङसम्मको ६० किलोमिटर दुरीको सडकलाई लोकमार्गको रुपका विकास गर्न सरकारले गुरुयोजनामा समावेश गरेको छ ।

त्यसैगरी, प्रदेश सडक गुरुयोजनामा ८१ किलोमिटर लम्बाईको सिन्धुलीदेखि उदयपुरको कटारी जोड्ने सडक समावेश गरिएको छ । सिन्धुलीमाडी-चकमके-अरुणठाकुर-कटारीसम्मको उक्त सडक प्रदेश लोकमार्गअन्तर्गत राखेर विकास गर्ने मन्त्रालयको तयारी रहेको छ ।

काभ्रेको दोलालघाटबाट रामेछापको मन्थली जोड्ने गरी मन्त्रालयले प्रदेश लोकमार्ग निर्माण अघि बढाएको छ । मन्त्रालयले गुरुयोजनाअन्तर्गत ९५ किलोमिटर लम्बाईको दोलालघाट-फलाटे-ढाडखर्क-गुराँसे-गाल्वा-मन्थली सडकलाई विकास गर्ने भएको हो । मन्त्रालयले काभ्रेदेखि मकवानपुरको बागमती गाउँपालिका जोड्ने गरी जनमुक्ति मार्ग निर्माण अघि बढाउने भएको छ । गुरुयोजनाअन्तर्गत जनमुक्ति मार्ग नामाकरण गरी ८४ किलोमिटर लम्बाईको पिङ्थली-भूमिचुली-देवीटार-तालढुंगा-सिक्रे दोभान-झुरझुरे सडक आयोजना अघि बढाउने मन्त्रालयको योजना रहेको छ ।

भक्तपुरबाट काभ्रेको दोलालघाट जोड्ने गरी ५६ किलोमिटर लम्बाईको सल्लाघारी-कमलविनायक-खरिपाटी-नगर कोट-हिंमुवापाटी-दोलालघाट सडक गुरुयोजनामा समावेश गरी अघि बढाइएको छ । गुरुयोजनाअन्तर्गत मन्त्रालयले मैत्रीमार्ग नामाकरण गरी काठमाडौंदेखि सिन्धुपाल्चोकको बलेफी जोड्ने सडक आयोजना विकास गर्ने भएको छ । ६४ किलोमिटर लम्बाईको मैत्रीमार्ग काठमाडौंबाट कात्तिके-चुरीथुम्का-सिपाघाट- चौताराहुँदै बलेफी जोडिनेछ ।

रामेछापदेखि दोलखा जोड्ने सडक आयोजनालाई लोकमार्गको रुपमा अघि बढाउने मन्त्रालयको तयारी रहेको छ । गुरुयोजनामा समावेश गरिएको ४२ किलोमिटर लम्बाईको खिम्ती- रस्नालु- जिरी सडक स्तरोन्नतिसहित विकास गर्ने मन्त्रालयको योजना रहेको छ। गुरुयोजनाअन्तर्गत ५१ किलोमिटर लम्बाईको तीनपिप्ले-ओखरपौवा-कोल्पुटार-गल्छी सडक, ४६ किलोमिटरको धादिङबेसी-स्याउले-बडरथोक- काफलपानी-मान्द्रेढुंगा सडक, २१ किलोमिटर लम्बाईको सुकुटे-मिलडाँडा-बाघभैरव-वाफल-लिसंखु-घ्याङडाँडा सडक आयोजना समावेश गरिएको छ ।

मधेस प्रदेशबाट बागमती प्रदेश जोड्ने गरी १६ किलोमिटर लम्बाईको कर्मैया-बख्फर-हाकपारा-मदन भण्डारी लोकमार्ग सडक, गणेशमान सिंह मार्ग नामाकरण गरिएको २९ किलोमिटर लम्बाईको (कुन्छाल-चित्लाङ-थानकोट चेकपोष्ट सडक), ३३ किलोमिटर लम्बाईको मनमोहन मार्ग (चावहिल-साँखु-फट्केश्वर सडक), ५१ किलोमिटर लम्बाईको मुकुन्द सेन मार्ग (धादिङबेसी- फोस्रेटार-मान्द्रेढुंगा-त्रिशुली सडक) र ५२ किलोमिटर लम्बाईको मुडे-मेलुङ-सितली सडकलाई प्रदेश लोकमार्ग कायम गरिएको छ ।

# लेनडाँडा सुरुङको ‘ब्रेक थ्रु’




**समाज संवाददाता**

हेटौंठाः फास्ट ट्राक अन्तर्गतको लेनडाँडा सुरुङ ‘ब्रेक थ्रु’ भएको छ। नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत लेनडाँडा सुरुङ बिहीबार ‘ब्रेक थ्रु’ भएको हो ।

प्याकेज नम्बर २ मा रहेको मकवानपुरको बकैया र मकवानपुरगढी गाउँपालिकामा निर्माणाधीन लेनडाँडा सुरुङमार्गको जोडी सुरुङ मध्ये १ हजार ६१२ मिटर लम्बाइ रहेको निजगढबाट काठमाडौँतर्फ आउने सुरुङमार्ग छिचोलिएको नेपाली सेनाले जनाएको छ ।

प्रधान सेनापति प्रभुराम शर्माले भर्चुअल माध्यमबाट सुरुङ मार्ग छिचोल्ने कार्यक्रमको अवलोकन गरेका छन् । सो अवसरमा प्रधान सेनापति शर्माले तोकिएको समयमा नै सुरुङमार्गहरु छिचोलिने क्रम रहेको भन्दै खुसी व्यक्त गरे । उनले सरकारबाट नेपाली सेनालाई जिम्मेवारी दिइएको फास्ट ट्र्याक राष्ट्रिय गौरवको आयोजना निर्माणमा खटिएका सम्पूर्ण निकाय तथा व्यक्तिहरुलाई धन्यवाद ज्ञापन गरेका छन् ।

उनले आयोजनामा कार्यरत व्यक्तिहरूको लगनशीलता, मेहनत र कार्य दक्षताको प्रशंसा गर्दै तोकिएकै समयमा आयोजना सम्पन्न गर्न समेत निर्देशन दिएका छन् । सो अवसरमा बलाधिकृत रथी अशोकराज सिग्देललगायत नेपाली सेनाका रथीहरुको उपस्थिति रहेको थियो ।

यस्तै, गत जेठ ४ गते लेनडाँडा सुरुङमार्गको जोडी सुरुङमध्ये काठमाडौँबाट निजगढतर्फ जाने १ किलोमिटर ६३३ मिटर लम्बाइको सुरुङमार्ग र गत जेठ ११ गते धेद्रे सुरुङ मार्गको जोडी सुरुङमध्ये १ किलोमिटर ६५३ मिटर लम्बाइ रहेको निजगढबाट काठमाडौँतर्फ आउने सुरुङ मार्गहरु छिचोलिएको थियो ।



## सम्पादकीय

# केन्द्रमा गठबन्धन, प्रदेशमा संकट

गत सोमबार राति नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सरकार बनाउने सहमति गर्दै गठबन्धन भएपछि अहिले संघसँगै प्रदेश सरकार पनि घर मराएको छ । यो गठबन्धनका कारण संघीय सरकारसँगै प्रदेश सरकारहरु पनि हेरफेर हुने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजीनामा नदिने भएपछि एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएर आफ्ना मन्त्रीहरुलाई राजीनामा गराइसकेको छ । प्रधानमन्त्री प्रचण्डले राजीनामा नदिई संसदबाट विश्वासको मत लिने मनस्थिति बनाएको भए पनि विश्वासको मत पाउन असम्भवजस्तै छ । २७५ सदस्यीय प्रतिनिधिसभामा सरकार बनाउन आवश्यक बहुमत भनेको १३८ सांसद हो । कांग्रेसका ८८ र एमालेका ७९ सांसद रहेकाले उनीहरुसँग १६७ सांसद हुने भएकाले प्रचण्ड नेतृत्वको सरकारले प्रतिनिधिसभाबाट विश्वासको मत पाउन नसक्ने निश्चित छ ।

कांग्रेस-एमालेबीच केन्द्रीय तहमा सत्ता साझेदारीका लागि गठबन्धन भएपछि बागमतीलगायत प्रदेश सरकारहरु पनि संकटमा परेका छन् । कोशी, गण्डकी र कर्णाली प्रदेशमा कांग्रेस र एमालेकै मुख्यमन्त्री रहेका कारण तत्काल सरकारको नेतृत्व परिवर्तन नहुने सहमति भए पनि बाँकी प्रदेशमा सरकार परिवर्तन हुने निश्चितप्राय: भइसकेको छ । यस आधारमा बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकार परिवर्तन हुनेछ । यसैको पूर्वाभ्यासस्वरुप लुम्बिनी प्रदेशमा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रदेश सरकारमा रहेका आफ्ना पाँच जना मन्त्रीलाई बिहीबार राजीनामा गराइसकेको छ । बिहीबारै सुदूरपश्चिम प्रदेशमा पनि एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ भने एमालेको तर्फबाट सरकारमा सहभागी तीन जना मन्त्रीले राजीनामा बुझाएका छन् । कांग्रेस र एमालेको सत्ता गठबन्धनबाट डेढ वर्षदेखि संघीय सरकार र प्रदेश सरकारको नेतृत्व गर्दै आएको माओवादी केन्द्र प्रमुख प्रतिपक्षको भूमिका पुग्ने अवस्था बनेको छ ।

कांग्रेस र एमाले मिल्दा मधेश प्रदेशबाहेक ६ वटा प्रदेशमा स्पष्ट बहुमत पुग्दछ । ९३ सदस्य रहेको कोशी प्रदेशमा सरकार बनाउन ४७ जना आवश्यक छ । जहाँ, कांग्रेस २९ र एमालेका ४० सदस्य जोड्दा ६९ हुन्छ । बागमतीमा सरकार बनाउन ५६ जना चाहिने भए पनि कांग्रेसको ३७ र एमालेको २७ गरेर ६४ जना हुन्छन् । बागमती प्रदेशसभामा ११० सदस्य छन् । गण्डकीमा कांग्रेसका २७ र एमालेका २२ गरी ४९ सदस्य हुन्छन् । ६० सदस्य रहेको गण्डकी प्रदेशमा सरकार बनाउन आवश्यक बहुमत संख्या भनेको ३१ हो । ८७ सदस्य रहेको लुम्बिनी प्रदेशमा कांग्रेसको २७ र एमालेको २९ गरी ५६ जना प्रदेशसभा सदस्य छन् । लुम्बिनीमा सरकार बनाउन चाहिने बहुमत सदस्य संख्या ४४ हो । यसैगरी ४० सदस्य रहेको कर्णालीमा सरकार बनाउन २१ जना सदस्य चाहिनेमा कांग्रेसको १४ र एमालेको ९ गरी २३ जना हुन्छन् । ५३ सदस्य रहेको सुदूरपश्चिम प्रदेशमा पनि कांग्रेसको १९ र एमालेको १० गरी २९ जना सदस्य हुन्छन् । यहाँ सरकार बनाउन चाहिने बहुमत संख्या २७ हो ।

एमाले-कांग्रेस गठबन्धनले माओवादीका शालिकाराम जम्कट्टेल नेतृत्व गर्दै आएको बागमती प्रदेश सरकार पनि संकटमा परेको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारलाई दिएको समर्थन एमालेले फिर्ता लिइसकेको हुँदा बागमती प्रदेश सरकारबाट पनि एमाले बाहिरिने निश्चित छ । माओवादीसँगै एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीका प्रदेशसभा सदस्यबाट विश्वासको मत पाएका मुख्यमन्त्री जम्कट्टेललाई एमाले र कांग्रेसले समर्थन नगर्नेवित्तिकै सरकार टिकाउन सम्भव छैन । करिब डेढ वर्षको बिचमा ३ पटक विश्वासको मत लिएका जम्कट्टेललाई चौथो पटक विश्वासको मत लिन चमत्कार नै हुनुपर्छ । कांग्रेस-एमाले गठबन्धनको सहमतिपत्रमै मधेशबाहेक ६ वटा प्रदेशमा ३-३ जना मुख्यमन्त्रीको भागबण्डा भइसकेको हुँदा माओवादीले नेतृत्व गरेको प्रदेश सरकार संकटमा परेको हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यक्तित्वका सकारात्मक परिवर्तन आउने समय छ ।
**वृष** : सामाजिक कृत्यमा सरिक भइने समय छ ।
**मिथुन** : परीक्षा र प्रतियोगितामा उत्तम फल प्राप्त होला ।
**कर्कट** : अध्ययन-अध्यापन ठिकै रहने समय छ ।
**सिंह** : गोपनियताका काममा सरिक भइने समय छ ।
**कन्या** : अध्ययन-अध्यापनका कामहरु मध्यमकारक नै छन् ।
**तुला** : लेखाइ-पढाइ मध्यमकारक नै रहने समय छ ।
**वृश्चिक** : धार्मिक एवं सामाजिक काममा सरिक भइने समय छ ।
**धनु** : विश्वास र समझदारीले काममा पूर्णता प्राप्त हुने समय छ ।
**मकर** : स्वास्थ्य स्थितिप्रति विशेष सचेत रहँदा राम्रो होला ।
**कुम्भ** : मिहिनेत र परिश्रमले काममा पूर्णता प्राप्त होला ।
**मीन** : धार्मिक र सामाजिक काममा पूर्णता प्राप्त होला ।

# छोटो इतिहासको सर्ट भिडियो सेयरिङ

**समीर रेग्मी**



नेपालमा प्रचण्ड सरकारले सामाजिक सद्भाव भड्काएको भन्दै 'टिकटक' बन्द गराइसकेको छ। टिकटकमा सामाजिक सद्भाव भड्काउने खालका सामग्री मात्र आउँदेनथे; मनोरञ्जन, शिक्षामूलक तथा सूचनामूलक सामग्री र व्यवसायको प्रचार सबै आउने गरेका थिए। तर पनि कुनै एक व्यक्तिले बनाएको एकल सामग्रीलाई आधार बनाएर यसले सामाजिक सद्भाव भड्काएको भन्दै प्रधानमन्त्री प्रचण्डले टिकटक बन्द गराएरै छोडे ।

भनिन्छ, बाढी आएपछि एक ठाउँमा थुन्यो भने अर्को ठाउँबाट निकास निस्किन्छ । त्यस्तै अन्य सर्ट भिडियो सेयरिङ, फेसबुकको रिल, लाइकी र युट्युबको सर्ट भिडियोमार्फत नेपाली मात्रै होइन, विदेशीले पनि आफ्ना इच्छाअनुसारको सामग्री राखेर सर्ट भिडियो बनाउन थालेका छन् । अब यहाँ कुरो आउँछ, सर्ट भिडियो भनेको के हो ? छोटो अवधिको सामग्री बनाएर स्मार्टफोनको माध्यमबाट सेयर गर्ने सामग्रीहरू नै सर्ट भिडियो सेयरिङ हो ।

यस्ता किसिमका छोटा सामग्री (टिकटक, इन्स्टाग्राम रिल्स, युट्युब सर्ट्स) इन्टरनेटमा आँधीको रूपमा देखा परेका छन् । यी सामग्री कसरी सुरु भए त ? पहिलो यी सामग्री सन् २००० को दशकमा सुरु भएका थिए । अहिलेको भिडियो बजारीकरणको धरातलमा यस किसिमका भिडियो सेयरिङ माध्यमहरू थोरै भएको निश्चित पनि हो । पछिल्ला वर्षहरूमा छोटा सामग्री सामाजिक सञ्जालमा प्रशस्त छन् । हातमा स्मार्टफोन राखेर वाइफाइ वा डाटा खोल्नुस् । त्यसपछि इन्स्टाग्राम र फेसबुक खोल्नुस्, सम्भवत: विभिन्न विषयवस्तुका भिडियोको बाढी नै आउँछ ।

कतिले त रेडियो, टिभी, अखबार र अनलाइन न्युज पोर्टलमा विज्ञापन नराखी यस्तै सर्ट भिडियो बनाएर आफ्नो व्यवसायको प्रचारसमेत गर्ने गरेका छन् । यी फर्म्याट हाल साह्रै नै लोकप्रिय भएका छन् । सूचना एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन भिडियो धेरै प्रभावकारी छ भन्ने विषयमा कुनै आश्चर्य छैन । त्यसैले व्यवसाय, ब्रान्ड र व्यक्तिगत सर्जकहरु भिडियो उत्पादन गर्ने मामिलामा दोब्बर भएका छन् । भिडियो विषयवस्तुको अप्रतिस्पर्धी राजा भएको छ । तर, यो रातारात भएको भने पक्कै पनि होइन । यो कसरी सुरु भयो र भिडियो कसरी शीर्ष स्थानमा पुग्यो भन्ने विषय जान्नका लागि सोसल मीडिया इतिहासको विगत दुई दशकलाई हेरौं त ।

### २००० को दशकको सर्ट-फर्म भिडियो

सञ्चारको मूलधारकै रुपमा इन्टरनेट व्याप्त भएको पनि लामै समय भइसक्यो । नेपालमै पनि अनलाइनबाट समाचार सामग्री राखेर पस्किन थालेको झन्डै दुई दशक नै भइसक्यो । कुनै समयमा आइपड, कार्गो प्यान्ट्स र सोसल मिडिया भनिने बिलकुल नयाँ अवधारण २००३ मा सुरु भयो । पछि बन्द भएको माइस्पेस पनि देखियो र यसको ६ महिनापछि फेसबुक आयो । यी प्लेटफर्महरुले मानिसको आपसमा कुरा गर्ने शैलीमा परिवर्तन ल्यायो ।

त्यसपछि प्रयोगकर्ताले गीत-संगीतदेखि लिएर पारिवारिक तस्बिर तथा मनोरञ्जनात्मक स्टाटससमेत राख्न थाले । यो एउटा विश्वव्यापी डिजिटल थलोका रूपमा विकसित भयो । २००५ मा रेडिट पनि यो समूहमा आयो । यसको लगत्तै २००६ मा ट्विटरको ब्लुबर्ड आयो । यी प्लेटफर्महरूको सुरुवाती पुनरावृत्ति भिडियोको आधारभूत सेयरिङ र भ्युङ सजिलो भयो । तर, सर्ट भिडियो क्रान्तिका लागि भने केही वर्ष लाग्यो । २०१० मा इन्स्टाग्राम सुरु भए पनि यसमा फोटो सेयर गर्ने सुविधा मात्रै थियो । भिडियो पोस्ट गर्ने सुविधा भने थिएन ।

### २०१३ पहिलो सर्ट-फर्म एप्सको सुरूवाती वर्ष

२०१३ को जनवरीमा भाइनको आगमनसँगै सर्ट भिडियोका सामग्रीको मूल्यांकन सुरु भयो । यो समग्र सोसल मिडिया प्लेटफर्मको नयाँ गर्भाधान थियो । भाइनले प्रयोगकर्तालाई छोटो भिडियो सिर्जना गर्न, हेर्न र सेयर गर्न सहज बनायो । प्रयोगकर्ताको स्मार्टफोनको माध्यमबाट भिडियो बनाउन, हेर्न र सेयर गर्न सकिने भयो । सामग्री सुरुमा ६ सेकेन्ड लामा मात्रै हुन्थे, जसले सर्जकलाई छोटो समयमा गहकिलो सामग्री पेस गर्न सकिने गरी सिर्जनात्मक हुन बाध्य बनायो । यद्यपि, यो सीमितताले नयाँ नमुनाको तय गऱ्यो । सर्जकलाई धेरै बजेट नचाहिने, संयन्त्र महँगो नहुने तथा पेसेवर सर्ट फुटेज विशाल जनसमुदायमा पुग्न सम्भव भयो ।

छिटो रमाइला तथा मनोरञ्जनात्मक सामग्री पोस्ट गर्ने एकमात्र प्लटेटफर्मका रूपमा भाइन देखा पऱ्यो । यसले सर्जकलाई भाइरल हुने अद्वितीय, बोली (बाइट) आकारको सामग्री सिर्जना गर्न पनि कुनै अनुभव नचाहिने भयो । भाइनको विस्फोटक लोकप्रियताले अन्य सोसल मिडिया कम्पनीहरूको पनि छिट्टै ध्यान तान्यो । सोही वर्षको जुनदेखि इन्टाग्रामले १५ सेकेन्डसम्मको भिडियो रेकर्ड र सेयर गर्ने क्षमताको विकास गऱ्यो । फेसबुकले २०१३ को सेप्टेम्बरमा अटोप्लेको विशेषता कार्यान्वयन गऱ्यो । न्युजफिडमा भर्चुअल भिडियो बनाउने कुरा पनि बेवास्ता गर्न सकिन्न ।

### २०१४-२०१७: सोसल मिडियामा भिडियो उदय

२०१४ मा विश्वभरिका सोसल मिडिया प्रयोगकर्तामाझ सर्ट भिडियोको प्यास बढ्यो । यसको केही वर्षभित्रमा सर्ट भिडियो सर्वत्र व्याप्त भयो र सोसल प्लेटफर्मको पर्यावरणका रूपमा विकास भयो । सेलिब्रेटी र प्रभावशाली व्यक्तिहरूले पनि यात्राको समयमा दर्शकमाझ पुग्न र आफ्ना दर्शकको संख्या बढाउन सर्ट भिडियो प्रयोग गर्न थाले । यो भनेको २०१४ को समय हो । यो गीत-संगीतका रूपमा लन्च भयो ।

यसले प्रयोगकर्तालाई गीत-संगीतमा ओठ चलाएर १५ सेकेन्डदेखि १ मिनेटसम्मको सर्ट भिडियो बनाउन सक्ने बनायो । २० करोड प्रयोगकर्ताको भीड जम्मा भएपछि यो एप बाइटडान्सले लियो । २०१७ को 'मे' मा नयाँ नामकरण गरेर 'टिक-टक' राख्यो । यो समयमा इन्स्टाग्रामले 'स्टोरीहरु' ल्यायो । यसले प्रयोगकर्तालाई फोटो र सर्ट भिडियो पोस्ट गर्न सक्ने बनायो । तर, यो २४ घण्टामा लुप्त हुन्थ्यो । दु:खको कुरा, भाइनजस्तै यो पनि केही महिना पहिले बन्द भयो । हाल सर्ट भिडियोको आधुनिक युगको सुरुवात भएको छ ।

### २०२०-२०२३: आधुनिक युग

हाल भिडियो प्लेटफर्म जस्तै: टिकटक र इन्स्टाग्राम रिल्सको संयुक्त रुपमा मासिक २ अर्ब नियमित प्रयोगकर्ता छन् । यसमा हाल नेपालमा धेरैले चलाउन सुरु गरेको 'लाइकी' को प्रयोगकर्ता समावेश गरिएको छैन । म पनि टिकटक बन्द भएपछि 'लाइकी'मा रमाउन थालेको कुरा यहाँहरुलाई बताउन चाहन्छु । स्न्यापच्याट देखा परे पनि २०२० को नोभेम्बरमा मात्रै सबैले चिने । २०२१ मा युट्युबले युट्युब सर्टस् थप्यो । यो आक्रामक रूपमा सर्ट फर्म भिडियोमा देखा पऱ्यो ।

हामीले युट्युब खोल्दा स्मार्टफोनको वालमा विभिन्न सर्ट भिडियो देख्न सकिन्छ । यसबाट हामीले पाउने मनोरन्जनका लागि सिलिकन भ्याली कम्पनीलाई धन्यवाद । यसका प्रयोगकर्ता ६.५ अर्ब छन् । सर्ट फर्म भिडियो सोसल मिडिया धरातलको महत्वपूर्ण अंश भएको छ । यो विश्वभरिका अर्बौंले हेर्ने र सेयर गर्ने गर्छन् । हाल नेपालमा धेरैले प्रयोग गर्दै आएको लाइकी सर्ट भिडियो सेयरिङ एप सिंगापुरबाट सञ्चालन हुँदै आएको छ । यसको नेतृत्व पहिले कारखाना मजदुर रहेका व्यक्तिले गरिरहेका छन् । यसले टिकटकको केही भाग ओगट्न थालेको छ ।

यो 'बिगो टेक्नोलोजी'को स्वामित्वमा रहेको छ । यो हाल विश्वभरि गैरखेल एपमध्ये सातौं बढी डाउनलोड गरिएको एप हो । सर्ट भिडियो एपको बजारमा टिकटकको वर्चस्व रहेको छ । यो चीनमा मात्रै १४.१ अर्ब डलरको मूल्यांकन लिएर बसेको छ । यदि तपाई पनि लाइकी चलाउन चाहनुहुन्छ भने प्ले स्टोरमा गएर 'सर्ट भिडियो सेयरिङ एप लाइकी' टाइप गर्नुस् । त्यसपछि डाउनलोड गर्नुस्, आनन्दले यसको मजा लिन सक्नुहुनेछ ।

(स्रोत: कारोबारदैनिक)

# के छ सेतो दुभीको उपचार ?



**डा. विकास पौडेल**



छालाको समस्याको कुरा गर्नासाथ यसमा सौन्दर्य जोडिएर आइहाल्छ । छालामा आउने विभिन्न रोग र समस्याले सौन्दर्यमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यस्तैमा एक हो दुभी । यो छालामा आउने एक किसिमको समस्या हो ।

दुभीमा पनि सेतो दुभीले छालाको सौन्दर्यमा निकै ठूलो असर पार्छ । सेतो दुभीलाई लिएर मानिसहरूको मनमा विभिन्न प्रश्न पनि उब्जिरहेका हुन्छन् । छालामा दुभी आउने कारण के हो ? यसको उपचार सम्भव छ छैन होला ? आदि ।

खासगरी भूगोलअनुसार मान्छेको छालाको रङ फरक-फरक हुन्छ । तर यसमा भूगोल मात्रै कारण भने होइन । कसैको कालो, कसैको गोरो र कसैको गहुँगोरो हुन्छ । हाम्रो छालालाई कलर दिने 'मिलानिन' भन्ने कोषिका हुन्छ, जसले 'मेलानोसाइट' उत्पादन गर्छ र छालामा रङ दिन्छ । छालामा रङ दिने 'मेलानोसाइट' नष्ट भएर छालाको बाहिरी भागमा सेतो दाग देखिने र फैलिने समस्यालाई अंग्रेजीमा 'भिटिलिगो' भनिन्छ र नेपालीमा दुभी भनिन्छ ।

दुभी रोग नभएर सौन्दर्य समस्या हो । छालामा सेतो दागहरू देखिने, कपाल खैरो वा सेतो हुने आदि दुभीको लक्षण हो ।

### दुभी आउने कारण

सेतो दुभी, शरीरमा रङ उत्पादन गर्ने 'मेलानोसाइट' नष्ट भएर हुन्छ । दुभीले शारीरिक रुपमा कुनै असर पार्दैन । तर यसले मानसिक रूपमा हीनताबोधको सिकार बनाउँछ । सेतो दुभीले ओठ तथा औंलाहरु पूरै सेतो बनाउँछ । 'मेलानोसाइट' कोषले शरीरमा रङ उत्पादन गर्ने काम गर्छ । यो कुनै कारणले नष्ट भयो भने शरीरमा रङ हराउँदै जान्छ ।

केही व्यक्तिमा वंशाणुगत कारणले पनि यो समस्या देखिने गर्छ । कसैलाई गहिरो चोटपटक लाग्यो र त्यसले गर्दा रङ बनाउने कोषमा असर पर्न गयो भने पनि यो समस्या देखिन सक्छ । बढी तनावमा रहने मानिसमा पनि सेतो दुभी देखिन सक्छ । यो समस्या जुनसुकै उमेर समूहलाई हुनसक्छ । कसैको कुनै निश्चित भागमा मात्र रङ हराउन सक्छ । कसैको शरीरभरको रङ हराउँछ । यसको लक्षण भनेको छालाको रङ सेतो हुनु मात्र हो । अन्य कुनै पनि लक्षण यसमा देखिंदैन ।

### दुभीले अन्य अंगमा गर्दैन असर

छालाको सौन्दर्य बिगार्ने बाहेक यसले अरू कुनै असर गर्दैन । शारीरिक रूपमा दुभीले कुनै असर पार्दैन । तर सौन्दर्यसँग जोडिएको हुनाले यसले मानसिक रूपमा हीनताबोधको सिकार बनाउँछ । यसले व्यक्तिलाई मानसिक र सामाजिक रूपमा मात्र असर गर्छ ।

दुभी विभिन्न प्रकारको हुन्छ । कसैको कुनै निश्चित भागमा मात्र रङ हराउन सक्छ । कसैको शरीरभरको रङ हराउँछ । लाइन जस्तै गरी शरीरका विभिन्न भागमा लहरै आउने दुभीलाई चिकित्सकीय भाषामा 'सेग्मेन्टल' (लहरे) दुभी भनिन्छ ।

विभिन्न तरिकाले थोप्ला-थोप्ला तथा सम्पूर्ण शरीरै ढाक्ने किसिमले दुभी आउन सक्छ । जसलाई चिकित्सकीय भाषामा नन-सेग्मेन्टल भनिन्छ ।

कतिपय अवस्थामा मिश्रित किसिमका दुभी आउँछन् । कतिपय दुभी त यही प्रकारको भनी यकिन गरेर प्रकारै छुटाइँदैन ।

### उपचार

सामान्य दुभी भएमा औषधि लगाएर तथा सेवन गरेर नै उपचार हुन्छ । धेरै फैलिएमा फोटो थेरापीबाट यसको उपचार गरिन्छ । गर्भवती महिला तथा बालबालिकाका लागि पनि यो उपचार गर्न मिल्छ । यी दुई प्रविधिबाट निको नभएको खण्डमा शल्यक्रिया गर्नुपर्छ । समयमा उपचार भयो भने यो रोग पूर्ण रुपमा निको हुन सक्छ तर धेरै फैलिएको अवस्था छ भने उपचार सम्भव नहुन पनि सक्छ ।

### ध्यान दिनुपर्ने कुरा

- दुभी आएका व्यक्तिले चोटपटक लाग्ने काम नगर्ने
- टाइट कपडा नलगाउने
- कडा घाममा नबस्ने
- धुम्रपान, मद्यपान नगर्ने
- तनाव नलिने ।

(स्रोत: अनलाईनखबर)

# नबुझेको कुरा तुरुन्तै शिक्षकलाई सोध्ने र त्यसको बारेमा बुझ्ने गर्छु ।

अर्सार १३ गते बिहिबार राष्ट्रिय परीक्षा बोर्डले विद्यालय शिक्षा परीक्षा (एसईई) को नतीजा सार्वजनिक गऱ्यो । एसईईको नतीजामा मकवानपुरको नतीजा कमजोर देखियो । यद्यपि मकवानपुर जिल्लामा एसईईमा ४ जीपीए ल्याउन सफल एक मात्र विद्यार्थी बनिन् रितिका छत्कुली । राम्रा विद्यार्थीले उच्च शिक्षा हासिल गर्न काठमाडौं केन्द्रित हुने प्रवृत्ति विपरित रितिकाले कक्षा ११ हेटौंडामै अध्ययन गर्नुहुने भएको छ । एसईईको नतीजा, उच्च शिक्षा अध्ययन र हेटौंडामै रहेर अध्ययन गर्ने विषयमा समृद्ध समाज दैनिकका लागि सुप्रभा चौलागाईले रितिकासँग गर्नुभएको कुराकानीको सम्पादित अंशः



**रितिका छत्कुली**
**एसईईमा ४ जीपीए ल्याउने मकवानपुरकी एक्ली विद्यार्थी ।**

**समाजः ४ जीपीए हासिल गरेपछि कस्तो महसुस हुँदैछ ?**
**छत्कुलीः** निकै खुसी लागिरहेको छ । म हेटौंडाबाट बाहिर थिएँ जब नतीजा आएको थियो । धेरै पटकसम्म नतिजा हेरें । विश्वास लागेको थिएन । पछि साथीहरुले फोन गरे, अनि मलाई विश्वास भयो ।

**समाजः नतीजाको अनुमान कस्तो गर्नुभएको थियो ?**
**छत्कुलीः** तयारी ४ जीपीए नै हासिल गर्ने गरी गरिएको थियो । ४ जीपीएको लक्ष्य राखेर पढेको थिएँ र अवश्य ४ जीपीए नै आयो ।

**समाजः आफ्नो नतीजाको महत्वपूर्ण पात्र कसलाई मान्नु हुन्छ ?**
**छत्कुलीः** सर्वप्रथम त म आफै अनि मेरो विद्यालय परिवार, अभिभावक र मेरा साथी सहयोगीहरु सबैको ठूलो भूमिका रहेको भन्न चाहन्छु ।

**समाजः विद्यालयमा परीक्षाका लागि कस्तो तयारी गराइन्थ्यो ?**
**छत्कुलीः** विद्यालयमा अतिरिक्त कक्षा संचालन गराउने, समय समयमा परीक्षा लिने जस्ता अभ्यास गराईन्थ्यो । घरबाट पनि नआएको कुरा सोध्न अनलाइनबाट पनि शिक्षकहरु तयार हुनुहुन्थ्यो । ग्रुपमा पढ्ने र विद्यालयमा अभ्यासहरु दिईन्थ्यो ।

**समाजः तपाईको पढ्ने शैली कस्तो छ ?**
**छत्कुलीः** म लेख्ने र पढ्ने दुबै गर्छु । नबुझेको कुरा तुरुन्तै शिक्षकलाई सोध्ने र त्यसको बारेमा बुझ्ने गर्छु ।

**समाजः तपाईको घरमा पढ्ने वातावरण कस्तो छ ? तपाईको अभिभावक के कस्ता काम गर्नुहुन्छ ?**
**छत्कुलीः** मेरो परिवारमा म सबैसँग सिक्ने गर्छु । मेरो बाबा व्यापारी हुनुहुन्छ । आमा घरमै बस्नुहुन्छ । हजुरबुबा र हजुर आमा घरमा केहि सहयोग गर्नुहुन्छ र दाई पढ्दै हुनुहुन्छ ।

**समाजः तपाईले मनोरञ्जनका के कस्ता अभ्यास गर्नुहुन्छ ?**
**छत्कुलीः** म धेरैजसो साहित्यको विषयमा रुची राख्छु । साहित्य सम्बन्धी किताब पढ्ने गर्छु ।

**समाजः तपाई अब कक्षा ११ मा के विषय पढ्ने हुनुभएको छ ? भविष्यमा के बन्नुहुन्छ ?**
**छत्कुलीः** म यहिँ हेटौंडा स्कूल अफ म्यानेजमेन्टमा ११ र १२ कक्षामा विज्ञान विषय लिई अध्ययन गर्न जाँदैछु । मलाई यस संस्थाले पूर्ण छात्रवृत्ति प्रदान गर्ने भएको छ । र यो कलेज अनुशासित छ । गुणस्तर छ । मलाई भविष्यमा डाक्टर बन्नु छ । यस कलेजमा मेडिकलको पनि तयारी गराईन्छ । त्यसैले म यहिँ पढ्दै छु ।

# ३८ मध्ये ३२ वटा बालविवाह रोक्न सफल

आरजु सत्याल

हेटौंडाः सिविन नेपालद्वारा सञ्चालित बाल हेल्पलाइन मकवानपुरले ३८ वटा बालविवाहमध्ये ३२ वटा रोक्न सफल भएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को वैशाख महिनासम्म बाल हेल्पलाइनले ३८ वटा बालविवाहमध्ये ३२ वटा रोक्न सफल भएको हो ।

चालु आर्थिक वर्षको वैशाख महिनासम्म बाल हेल्पलाइनमा ४ सय १४ जना बालबालिकाका समस्या तथा गुनासो दर्ता भएका छन् । वैशाख महिनासम्म बाल हेल्पलाइनमा एक सय ७६ बालक र २ सय ३८ जना बालिकाका समस्या तथा गुनासा दर्ता भएको बाल हेल्पलाइनका प्रबन्धक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो ।

बाल हेल्पलाइनमा शारीरिक दुर्ववहार सम्बन्धी दुईवटा घटना दर्ता भएको छ । यस्तै, यौन दुर्व्यवहारका १७ वटा, बलात्कारका ६ वटा, बालबालिकालाई बेवास्ताको एउटा, जन्मदर्ता सम्बन्धी २ वटा, बालविज्याइँका ९ वटा, नागरिकतासम्बन्धी, घरेलु हिंसासम्बन्धी, मानसिक समस्या भएका र बालबालिकाको ओसारपसारसम्बन्धी ३-३ वटा उजुरी दर्ता भएको हो ।

यस्तै, पारिवारिक द्वन्द्व ५ वटा, आपत्कालीन खाद्य सहयोग ६२ वटा, अलपत्र फेला ४६ वटा, मनोसामाजिक आवश्यकतासम्बन्धी ११ वटा, संरक्षणको आवश्यकता भएका ४ वटा, बिरामी १२ वटा, शैक्षिक सहयोग १ सय ४१ वटा र बालबालिकालाई सीपमूलक तालिम २ वटा दर्ता भएका छन् । बाल हेल्पलाइनले बालबालिकासम्बन्धी विभिन्न समस्या, गुनासो तथा उजुरी दर्ता गरेर आवश्यक अनुसन्धान गरी सहयोग गर्ने गरेको छ ।

बाल हेल्पलाइनले बालश्रममा संलग्न ५० जनाको उद्दार गरेको छ भने ३८ वटा बालविवाहमा ३२ वटा रोक्न सफल भएको छ । ज्ञवालीका अनुसार हेल्पलाइनले सामाधान गर्न नसक्ने घटना लिने गरेको छैन भने दर्ता भएका सय प्रतिशन घटनाको समाधान भएको छ । हेल्पलाइनमा आएको घटना आउनेबित्तिकै केहि दिनमै समाधान गरिने उहाँको भनाइ छ ।

ज्ञवालीका अनुसार वैशाखसम्म बाल हेल्पलाइनको कल आइडीमा ३ हजार २ सय ५६ जनाले कल गरेका छन् । जसमा ४ सय ७ जना बालक र ६ सय ६४ जना बालिका रहेका छन् । कल आइडीमा ४ सय ९९ वटा साइलेन्ट कलहरुसमेत आएका छन् । यस्तै, आर्थिक वर्ष २०७९/०८० मा ३ हजार ५ सय ७८ जनाले कल गरेका थिए ।

बाल हेल्पलाइनले नेपाल प्रहरीको सहकार्यमा हराएका बालबालिकाको खोजी गर्ने, अलपत्र फेला परेका बालबालिकालाई संरक्षण गर्ने र परिवारलाई जिम्मा दिने, बालबालिकामाथि हुने दुर्व्यवहार आदिको बारेमा सचेतना तथा कानुनी सहयोग गर्ने गर्दछ । बालबालिकालाई मनोसामाजिक परामर्श, विपन्न परिवारका बालबालिकालाई स्वास्थ्य उपचार, प्रकोपमा परेका बालबालिकाको उद्दार, बालविवाह, बालश्रमलगायत हिंसामा परेका बालबालिकाको उद्दार, संरक्षण तथा कानुनी सहयोग गर्दै आएको छ । यस्तै, बालबालिका ओसारपसार भएमा वा हुन लागेको अवस्थामा उद्दारका लागि सहयोग, बाल अधिकारको उलंघन भए नभएको अनुगम गर्नेजस्ता कामहरु बाल हेल्पलाइनले गर्दै आएको छ ।

यस्तै, आर्थिक वर्ष २०७९/०८० मा ५ सय १९ जना बालबालिकाका उजुरी दर्ता भएका थिए । बालक २ सय १५ र बालिका ३ सय ४ जना थिए । ५ सय १९ घटनाहरुमध्ये मकवानपुर जिल्लाका विभिन्न स्थानीय तहहरुबाट जम्मा १ सय ३७ घटनाहरु बाल हेल्पलाइन मकवानपुरमा दर्ता भएका छन् । जसमा बालबालिका हराएको ११ वटा थियो । बेवारिसे फेला १७ वटा, बालश्रमका लागि ओसारपसार गर्ने ८ वटा, संरक्षणको समस्या ५ वटा, शारीरिक द्वन्द्व पाएको बालबालिका ४ वटा, बालविज्याइँसम्बन्ध ९ वटा र जन्मदर्तासम्बन्धी एउटा घटना दर्ता भएको थियो ।

यस्तै, बालदुर्व्यवहार सहयोगसम्बन्धी १९ वटा, पारिवारिक द्वन्द्व ७ वटा, विपन्न तथा पढ्न नसकेको १ सय ८ वटा, बालश्रमबाट उद्दार ४१ जना, आपत्कालीन खाद्यान्न सहयोग १ सय ३२ वटा दर्ता भएका थिए । सीपमूलक तालिम २ जना, मनोसामाजिक विमर्श सेवा ५ वटा, नागरिकताको समस्या २ वटा, सडक बालबालिका २ वटा, आवास सेवा ८३ वटा, उपचार सहयोग ८ वटा, एक जनालाई आगलागीका कारण सहयोग छन् । उक्त वर्ष ५४ वटा बालविवाहका घटना दर्ता भएकोमा बाल हेल्पलाइनले ४८ वटा रोक्न सफल भएको ज्ञवालीले बताउनुभयो ।

बाल हेल्पलाइनमा हेटौंडा उपमहानगरपालिकाबाट ६६ जनाले समस्या दर्ता गरेका थिए । मनहरी गाउँपालिकाबाट ३१ जना, बकैया गाउँपालिकाबाट २३ जना र मनहरी गाउँपालिकाबाट १६ जनाले समस्या दर्ता गराएका थिए । यस्तै, कैलाश गाउँपालिकाबाट १३ जना, भीमफेदी गाउँपालिकाबाट ७ जना, राक्सिराङ गाउँपालिकाबाट ५ जना, बागमती र थाहाबाट ३-३ जनाले विभिन्न समस्या दर्ता गराएका छन् । मकवानपुर जिल्लाबाहेकका काठमाडौं, रौतहट, चितवन, बारा, गुल्मी, पर्सा आदि जिल्लाबाट पनि बालबालिकाहरुले बाल हेल्पलाइनमा समस्या दर्ता गराएका छन् । बाल हेल्पलाइनको अनुगमनको तथ्याङ्कअनुसार मनहरी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा धेरै बालश्रम भएको देखिने ज्ञवालीले बताउनुभयो ।

'पहिलेको समयमा तथ्याङ्क हेर्दा बालबालिका हराउने समस्या धेरै थियो । तर अहिले किशोरकिशोरी हराउने समस्या छैन । उनीहरु आफैं लुक्ने समस्या बढिरहेको छ । जसमा हामीलाई खोज्न तथा भेट्न गाह्रो भएर थप चुनौती छ', ज्ञवालीले बताउनुभयो । किशोरकिशोरीहरु सामाजिक सञ्जालमा धेरै व्यस्त हुने, साथीहरुसँग भित्रभित्रै योजना बनाउने, अभिभावकलाई नभन्ने प्रक्रिया अहिले बढी पाइएको उहाँको भनाइ छ । धेरै बालबालिकाहरुले बिचमै पढाइ छाड्ने कारण पनि यहि रहेको ज्ञवालीको बताउनुभयो । अहिलेको समयमा बालबालिका र अभिभावकबीच अन्तर क्रिया कम भएका कारण पनि यस्तो समस्या धेरै बढिरहेको छ ।

सामाजिक सञ्जालमा बालबालिकाको पहुँच अत्याधिक बढि र अभिभावकहरुको पहुँच कम हुनु मुख्य समस्या बनेर आएको ज्ञवालीको भनाइ छ । यसको मुल कारण परिवारले बालबालिकाको कुरा बुझ्न नसक्नु पनि हो । दिउँसो बालबालिकालाई मोबाइल नदिनु भन्न गाह्रो भएता पनि अभिभावकको पहुँचमा हुनेगरी बालबालिकालाई मोबाइल दिन ज्ञवालीले आग्रह गर्नुभएको छ । अहिले बाल हेल्पलाइनले हेटौंडा उपमहानगरपालिकाको समन्वयमा २० वटा विद्यालयमा अनलाइन बाल संरक्षण भन्ने विषयमा कार्यक्रम सञ्चालन गरिरहेको छ । ५ जना स्वयम्सेविका मार्फत् अन्तरक्रिया कार्यक्रम भइरहेको हो ।

अहिले धेरै जना बालश्रम गराएमा हुने सजायको बारेमा जानकार भएका छन्, तर व्यवहारमा भने देख्न सकिँदैन । धेरै आमाबुबाले बालविवाह भएको छोराछोरीको उजुरी नगरेर बचाएर राखिरहेका छन्, जसले भविष्यमा नकारात्मक परिणाम निकाल्ने उहाँको भनाइ छ । बालविवाह भएका धेरै जना किशोरीहरु सानै उमेरमा गर्भवतीसमेत भएका छन् । हेटौंडा अस्पतालको तथ्यांकअनुसार हरेक महिना किशोरीहरु आमा बन्ने क्रम बढिरहेको छ । किशोरीहरुले बच्चा जन्माइरहेका कारण पछि ठूलो घटना घट्नसक्ने ज्ञवालीले दावी गर्नुभयो ।

बालविवाह भएका दुबै किशोरकिशोरीलाई सजाय हुने व्यवस्था कानुनमा छ । बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्य गर्ने वा गराउने व्यक्तिलाई पचहत्तर हजार रुपैँयासम्म जरिवाना र तीन वर्षसम्म कैद हुने कानुनी व्यवस्था छ । यस्तै, बालश्रमको हकमा १४ वर्ष मुनिका बालबालिकालाई शारीरिक काम गराउन हुँदैन भने १४ वर्षमाथिका बालबालिकालाई जोखिम काम गराउन हुँदैन । नेपालमा १८ वटा जिल्लामा बाल हेल्पलाइन रहेको छ । जसमध्ये ७ वटा सिविन नेपालले सञ्चालन गर्छ भने ११ वटा अन्य संघसंस्थाले सञ्चालन गरिरहेका छन् ।

# फरेष्ट्री युथ नेटवर्कको वृक्षरोपण अभियान सम्पन्न

समाज संवाददाता

हेटौंडाः फरेष्ट्री युथ नेटवर्कले वृक्षरोपण अभियान सम्पन्न भइको छ । नेटकर्वकले राष्ट्रिय वृक्षरोपण दिवस (असार १४ गते)को अवसरमा वृक्षरोपण अभियानअन्तर्गत् सप्ताहव्यापी कार्यक्रम सम्पन्न गरेको हो ।

राष्ट्रिय वृक्षरोपण दिवसका अवसरमा नेपाल युवा परिषद्, एनसेल र विश्व खाद्य तथा कृषि संगठन नेपालको संयुक्त आयोजनामा साताव्यापी अभियान सम्पन्न भएको छ । 'एक युवा एक विरुवा' भन्ने नाराका साथ साताभरी सञ्चालन भएको अभियान सम्पन्न भएको हो ।

नेटवर्कका संयोजक सौगात भट्टराईले राष्ट्रव्यापी अभियान सञ्चालक नेपाल युवा परिषद्प्रति कृतज्ञता व्यक्त गर्नुभएको छ । बिरुवालगायत अन्य सहयोग प्रदान गरिदिनु हुने डिभिजन वन कार्यालय हेटौंडा र अभियानमा सहभागी हुने सम्पूर्ण युवा साथीहरुमा उहाँले आभार व्यक्त गर्नुभयो ।

जलवायु परिवर्तनका प्रतिकूल असरहरु पछिल्ला दशकहरुमा उच्च दरले वृद्धि हुँदै गइरहेकाले हरितगृह ग्यासको शोषण गर्न विरुवाले सहयोग गर्ने संयोजक भट्टराइले बताउनुभयो । वर्षौंपिच्छे बढिरहेको तापमानलाई कम गर्न बोट विरुवाले शितलता दिने, वन्यजन्तुको बासस्थान हुने, बाढीपहिरो, भूक्षयको जोखिम कम हुने, पानीका मुहानहरु नसुक्ने र समग्र जैविक विविधता तथा वातावरण संरक्षणमा रुखको भूमिका महत्वपूर्ण हुने उहाँको भनाइ छ ।

असार १४ गतेदेखि भोलि शुक्रबारसम्म ७७ जिल्लाका ७ हजार ७ सय युवाहरुले ७ हजार ७ सय वटा वृक्षरोपण गरिरहेको जनाइएको छ । मकवानपुर जिल्लामा वृक्षरोपणको जिम्मेवारी फरेष्ट्री युथ नेटवर्कले पूरा गरेको संयोजक भट्टराईले बताउनुभयो । नेटकवर्कले हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालय र भूटनदेवी माध्यमिक विद्यालयमा वृक्षरोपणको महत्वबारे विद्यार्थीलाई सचेत गराउँदै वृक्षरोपणसमेत गरेको छ । श्रमिक पार्क, वन विज्ञान संकाय परिसर र नेपाल विद्युत् प्राधिकरण परिसरमा एक सय जना युवाले वृक्षरोपण गरेका छन् ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

# १०१ जना महिलाको प्रजनन् स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१६ को वडा कार्यालयले आयोजना गरेको प्रजनन् स्वास्थ्यसम्बन्धी शिविरमा एकसय १ जना महिलाको स्वास्थ्य जाँच गरिएको छ । मंगलबार हेटौंडा-१६, चिसापानीको हटिया अस्पतालमा भएको भीआईए स्क्रिनिङमा जाँच गराएका एकसय १ जनामध्ये ६ जनामा समस्या देखिएको अस्पतालका वरिष्ठ अहेव अनन्त बास्कोटाले जानकारी दिनुभयो ।

परिवार नियोजन संघ मकवानपुरको प्राविधिक सहयोगमा भएको कार्यक्रममा वडा कार्यालयले ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेको थियो । बास्कोटाका अनुसार शिविरमा आयोजकले एक सय ५० जनाको स्वास्थ्य परीक्षण गर्ने लक्ष्य राखेको थियो । अहिले धेरै ठाउँमा शिविरको आयोजना भइरहेका कारण शिविरमा स्वास्थ्य जाँच गर्न आउने संख्या कम भएको उहाँको भनाइ छ । यस्तै, वडा कार्यालयले साउनको पहिलो सातादेखि नेपाल परिवार नियोजन संघ मकवानपुर शाखाको प्राविधिक सहयोगमा हप्ताको एक दिन निःशुल्क भीआईए परीक्षण गर्ने भएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## जङ्गली च्याउ खाँदा ७ जना बिरामी

# १ जनाको अवस्था गम्भीर

समाज संवाददाता

हेटौंडाः जङ्गली च्याउ खाँदा मकवानपुरको भीमफेदी गाउँपालिकामा ७ जना बिरामी भएका छन् । बिरामी मध्ये १ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार राती ११ बजेको समयमा भीमफेदी गाउँपालिका-६, उर्लाघारीमा जङ्गली च्याउ खाँदा ६५ बर्षीया मंगलीमाया स्याङ्तान, मंगलीमायाका छोरा ३२ बर्षीय बुद्धिबहादुर स्याङ्तान, बुहारी ३० बर्षीया पासाङ माया स्याङ्तान, नातिनी १९ बर्षीया लक्ष्मी माया स्याङ्तान, १५ बर्षीया पार्वती स्याङ्तान, ७ बर्षीया आरती स्याङ्तान र नाती ७ बर्षीय लासाङ स्याङ्तान बिरामी भएका हुन् ।

लासाङको अवस्था भने गम्भीर रहेको प्रहरीले जनाएको छ । मंगलीमाया र लक्ष्मीमायाको हेटौंडा अस्पतालमै उपचार भइरहेको र अरु ५ जनालाई भने थप उपचारका लागि भरतपुर पठाइएको प्रहरीले जानकारी दिएको छ । मंगलीमायाले जङ्गलबाट ल्याएको च्याउ राती पकाएर खाएर सुतिसकेका थिए । बुद्धिबहादुर बिउँझिएर बान्ता गरेको र परिवारका अन्य सदस्य अचेत अवस्थामा पाएपछि छिमेकी र प्रहरीलाई खबर गरेका थिए । प्रहरीले भीमफेदी-६ स्थित महेन्द्र माविको बसमा बिरामी सातैजनालाई हेटौंडा पठाएको थियो । यसअघि पनि मकवानपुरमा जङ्गली च्याउ खाँदा ३ जनाको मृत्यु भइसकेको छ भने केही बिरामी भएका थिए ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिता सुरु, उद्घाटन खेलमा सिमपानीको विजयी सुरुवात



उद्घाटन खेलमा विजयी सुरुवात गर्ने सीमपानीको टिम

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा प्रथम संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियोगिता सुरु भएको छ । सिमपानी युथ क्लबको आयोजनामा बिहीबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले गर्नुभएको हो।

गाउँपालिकाको वडा नम्बर ८ को सिमपानी मैदानमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा चितवन जिल्लाको सिमपानी युथ क्लबले विजयी सुरुवात गरेको छ। नमुना युवा क्लबलाई १२-० गोलको फराकिलो अन्तरले हराउँदै सिमनापी युथ क्लबले विजयी सुरुवात गरेको हो । सिमपानीको तर्फबाट राज भुसालले ६ गोल, राहुल थाप मगरले ३ गोल, सुमन लामाले २ गोल र दावा गुरुङले १ गोल गरेका हुन् ।

अब सिमपानी क्लबले सेमिफाइन प्रवेशका लागि हेटौंडा फुटबल एकेडेमी र कैलाश आरएमबीचको विजेता टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। आज शुक्रबार इन्द्रकमल युथ क्लब र एमडीवाइसी बाराबीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको छ। प्रतियागिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त हुने बताइएको छ।

क्लबका अध्यक्ष किरण सुवेदीको सभाध्यक्षमा सुरु भएको प्रतियोगितामा गाउँपालिकाका उपाध्यक्ष सीता पुलामी मगरको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँ र उपविजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल असार ३१ गते हुनेछ ।

# मकवानपुरगढीमा एसईई नतिजाको समीक्षा

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजाबारे समीक्षा गरेको छ। गत शुक्रबार पालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलानको सभाध्यक्षता तथा प्रमुख प्रशासकीय अधिकृत नवीन स्याङ्तान लामाको प्रमुख आतिथ्यमा पालिकाभित्रका विद्यालयका प्रधानाध्यापक, विज्ञान र गणित विषयका शिक्षकको उपस्थितिमा एसईईको नतिजा समीक्षा भएको गाउँपालिकाका स्रोत शिक्षक दाशरथि उपाध्याय भण्डारीले जानकारी दिनुभयो ।

विद्यार्थीहरुलाई पढ्न प्रेरित गर्ने, क्षमता वृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालन गर्ने, हरेक महिना परीक्षा सञ्चालन गर्ने विषयमा छलफल भएको थियो । गाउँपालिकाबाट २०८० मा ३ सय जना विद्यार्थीले एसईई परीक्षा दिएकोमा ४५ जनामात्र उत्तीर्ण भएका थिए । नतिजा राम्रो नआउनुको कारण र सुधारका लागि के गर्ने भन्ने विषयमा विद्यालयले अभिभावकहरुसँग छलफल गरिरहेको भण्डारीले जानकारी दिनुभयो ।

# १० कक्षाका विद्यार्थीलाई एक महिना होस्टेलमा राख्ने

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाले १० कक्षामा अध्ययनरत विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गरी एक महिना होस्टेलमा राख्ने भएको छ । गाउँपालिकाले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यले अतिरिक्त कक्षा सञ्चालनसहित होस्टेलमा राख्न लागेको गाउँपालिकाका स्रोत शिक्षक दाशरथि उपाध्याय भण्डारीले जानकारी दिनुभयो ।

गाउँपालिकाभित्र रहेका १० वटा माध्यमिक विद्यालयका छात्रालाई मकवानपुरगढी गाउँपालिका-५ स्थित शारदा माविमा र छात्रलाई मकवानपुरगढी गाउँपालिका-२ स्थित चण्डिका माविमा होस्टेलमा राखिने भण्डारीले जानकारी दिनुभयो । यसवर्ष कक्षा १० मा २ सय जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

२०८० सालको एसईई परीक्षामा मकवानपुरगढीका विद्यालयबाट न्यून विद्यार्थी पास भएका थिए । ३ सय जना विद्यार्थीले एसईई परीक्षा दिएकोमा ४५ जनामात्र उत्तीर्ण भएका थिए । गाउँपालिकाको शैक्षिक पात्रोअनुसार पहिलो त्रैमासिक परीक्षापश्चात् साउन १ गतेदेखि ३२ गतेसम्म विद्यार्थीहरुलाई होस्टेलमा राखेर पढाउने भएको हो ।

पहिलो त्रैमासिक परीक्षा असार २४ गते सोमबारदेखि ३१ गतेसम्म सञ्चालन हुनेछ। विद्यार्थीलाई होस्टेल राख्नुको उद्देश्य विद्यार्थीमा पठन संस्कृतिको विकास गराउन, गत वर्षभन्दा राम्रो नतिजा हासिल गर्न, शिक्षाको गुणस्तर वृद्धि गर्न, परीक्षापश्चात् वर्षे बिदाको समयमा विद्यार्थीहरुको ध्यान पढाईबाट नहटोस् भन्ने रहेको छ । यसबारे गाउँपालिकाले विद्यालयलाई परिपत्र गरिसकेको भण्डारीको भनाइ छ ।

# मकवानपुरका पराजुली र सापकोटा अन्तर्राष्ट्रिय तेक्वान्दोमा सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरका तेक्वान्दो खेलाडी आदित्य पराजुली र दीपन सापकोटा अन्तर्राष्ट्रियस्तरको तेक्वान्दो प्रतियोगितामा सहभागी हुने भएका छन्। हेटौंडा-१७, हटियास्थित क्रियटिभ तेक्वान्दो डोजाङका प्रशिक्षार्थी पराजुली र सापकोटा अन्तर्राष्ट्रियस्तरको तेक्वान्दो प्रतियोगितामा सहभागी हुने भएका हुन् ।

अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघको आयोजनामा बंगलादेशको ढाकामा हुने एसियन विद्यालय कम्बाट प्रतियोगितामा सापकोटा र पराजुली सहभागी हुन लागेको हटिया खेलकुद विकास समितिका संयोजक भोजराज पराजुलीले जानकारी दिनुभएको छ । आउँदो जुलाई १० तारिखदेखि १६ तारिखसम्म हुन लागेको प्रतियोगिताका लागि खेलाडीहरुको साथमा टिम कोचको रुपमा भोजराज र अफिसियलमा राष्ट्रिय तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरका उपाध्यक्ष केशवबहादुर कार्की बांगलादेश प्रस्थान गर्नु हुनेछ ।

प्रतियोगितामा नेपालसहित अन्य देशका महिला तथा पुरुष खेलाडीहरुको सहभागिता रहने बताइएको छ। पराजुलीले पुम्से विधामा आफ्नो प्रस्तुति गर्नुहुनेछ भने सापकोटाले ४५ केजी तौल समूहबाट केरोगो विधामा प्रतिस्पर्धा गर्नुहुनेछ ।

प्रतियोगितामा १६ वर्षदेखि १८ वर्ष उमेर समूहका खेलाडीहरुको सहभागिता रहनेछ। काठमाडौंमा भएको राष्ट्रियस्तरको चन्द्रागिरी तेक्वान्दो प्रतियोगिता र विभिन्न प्रतियोगिताहरुको आधारमा दुबै खेलाडीहरुको नाम केन्द्रमा पाठाएको बताइएको छ। ६ वटा देशको सहभागिता रहने प्रतियोगिताका लागि प्रत्येक देशबाट २४ जना खेलाडीहरु सहभागी हुन पाउनेछन् ।

केन्द्रले जिल्लामा भएको अन्य प्रतियोगिताहरुको मूल्याङ्कन गरेर खेलाडी छनोट गरेको उहाँले बताउनुभयो । खेलाडीहरु प्रतियोगितामा सहभागी हुनका लागि असार २४ गते बंगलादेश प्रस्थान गर्नेछन् भने खेलाडीहरुको प्रतिनिधित्व गर्नका लागि टिमकोच र अफिसियल पनि बंगलादेश जानेछन् । दुबै खेलाडी प्रतियोगितामा विजयी हुन दैनिक २ घण्टा प्रशिक्षण गर्ने गरेको बताइएको छ ।

दुबै खेलाडीहरु यसअघि विभिन्न राष्ट्रिस्तरको प्रतियोगितामा सहभागी भएका छन्। पराजुली विगत ६ वर्षदेखि क्रियटिभ तेक्वान्दो डोजाङमा प्रशिक्षण लिँदै आएका छन् भने सापकोटाले विगत ४ वर्षदेखि प्रशिक्षण लिँदै आएका छन् । प्रशिक्षणमा सहभागी हुनका लागि खेलाडीहरु व्यक्तिगत खर्चमा जानेछन् भने खाना र बासको व्यवस्था आयोजक कमिटीले गर्ने जनाइएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, जापानसहितका देशका खेलाडीहरुको सहभागिता रहनेछ । प्रतियोगितामा केरोगो र पुम्से विधामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा विभिन्न तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ ।


# पोखरेलको पुस्तक शनिबार सार्वजनिक हुँदै

समाज संवाददाता

हेटौंडाः ऋषिराम उपाध्याय पोखरेलको अनुभूतिका आँखाहरु (अनुस्मरण) विषयक पुस्तक सार्वजनिकीकरण सामारोह शनिबार हुँदैछ । सर्जक सञ्जाल मकवानपुरको आयोजना तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टको प्रायोजनमा समारोह हुन लागेको सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले जानकारी दिनुभयो ।

कार्यक्रम हेटौंडा स्कूल अफ म्यानेजमेन्टको सभाहलमा हुनेछ । पुस्तकमा पोखरेलले शिक्षा क्षेत्रमा बिताएका, जीवनमा भोगेका अनुभवको बारेमा उल्लेख गरिएको छ । सामारोह हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रमुख पुरनबहादुर जोशीको प्रमुख आतिथ्यमा हुनेछ । पुस्तकको समीक्षा घनश्याम घिमिरे, शान्ति प्रियवन्दना र देवराज तिवारीले गर्नु हुनेछ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ